परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक



आज नेपाल र भारतबीच प्रतिस्पर्धा हुने

समाचार पृष्ठ २ मा ...

• वर्ष २ • अंक १२३ • २०८० असोज १६ गते मंगलबार • (3-October-2023) • पृष्ठ ४ • मुल्य रु ५।- www.talknepaltv.com

## राष्ट्रपति समक्ष अख्तियारद्वारा वार्षिक प्रतिवेदन पेस



■ टक नेपाल

काठमाडौं। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष ३३औँ वार्षिक प्रतिवेदन पेश गरेको छ । आयोगका प्रमुख आयुक्त प्रेम राईले राष्ट्रपतिको कार्यालयमा आज आयोजित समारोहबीच उहाँसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नुभएको हो । आयोगका अनुसार गत आर्थिक वर्ष २०७९/८० मा एक सय ६२ मुद्दामा सात सय ६६ जनालाई प्रतिवादी बनाइ मुद्दा दायर गरिएको छ । प्रतिवादीमध्ये छ सय २२ जना पुरुष र एक सय ३८ महिला छन् । गत आवमा आयोगमा विभिन्न माध्यमबाट कुल २० हजार नौ सय पाँच उजुरी परेको थियो । साथै अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका सात हजार एक सय ६२ उजुरीसहित कारबाही गर्नुपने ' २८ हजार ६७ उजुरी थिए । प्राप्त उजुरीमध्ये सबैभन्दा वढी सङ्घीय मामिला (स्थानीय तह समेत) सँग सम्बन्धित ३५ दशमलव ९५ प्रतिशत छन् । साथै शिक्षा (स्थानीय तहसमेत) १४ दशमलव ५५ प्रतिशत, भूमि प्रशासनसँग सम्बन्धित छ दशमलव ०९ प्रतिशत, वन तथा वातावरणसँग सम्बन्धित चार दशमलव १४ प्रतिशत र स्वास्थ्य तथा जनसङ्ख्यासँग सम्बन्धित तीन दशमलव १२ प्रतिशत उजुरी छन् ।

*बाँकी पृष्ठ ३ मा*

## सञ्चालन भएन बर्थिङ सेन्टर

■ टक नेपाल

रौतहट । गौर नगरपालिका-८, पुरेनवामा रहेको 'बर्थिङ सेन्टर' सञ्चालनमा नआउँदा प्रसूति सेवा लिन अन्यत्र जानुपर्ने नगरवासीको बाध्यता छ। उद्घाटन भएको तीन महिना बितिसक्दा पनि सेन्टरबाट सेवाप्रवाह नहुँदा प्रसूति सेवाका लागि अन्यत्र जानुपर्ने भएको हो। करिब ५६ लाख रुपियाँको लगानीमा गौर नगरपालिकाले निर्माण गरेको बर्थिङ सेन्टरमा अहिले ताला लागेको छ। निर्माण सम्पन्न भई तामझामका साथ उद्घाटन गरिएको चार कोठे उक्त भवन अहिले पशुचौपायाको विश्रामस्थल बनेको छ। बर्थिङ सेन्टर बनेपछि




स्थानीयस्तरमै सहज र सुलभ रूपमा प्रसूति सेवा पाइने भइयो भनेर मक्ख पर्नुभएकी पुरेनवाकी अनिता साह हालसम्म पनि सेन्टरबाट सेवाप्रवाह नहुँदा निराश बन्नुभएको छ। उहाँ भन्नुहुन्छ, "बर्थिङ सेन्टरले समयमा नै सेवा सञ्चालन गरेमा गर्भवती महिलाले सुत्केरी सेवा लिन निजी तथा सरकारी अस्पतालमा धाउनु पर्दैनथ्यो। कम खर्चमा नै आङ हलुङ्गो हुने थियो।" बर्थिङ सेन्टर सञ्चालनका बारेमा वडाध्यक्ष जनार्दन साह अनभिज्ञ हुनुहुन्छ। उहाँले आफ्नै वडामा निर्माण भएको आधारभूत स्वास्थ्य केन्द्र अन्तर्गतको बर्थिङ सेन्टरको निर्माण र सञ्चालनका बारेमा आफूलाई नगरपालिकाले कुनै जानकारी नदिएको बताउनुभयो। नगरपालिकाको योजना शाखा प्रमुख जितेन्द्र भारतीले हालसम्म बर्थिङ सेन्टर सञ्चालनमा नआएको बताउँदै यसको सञ्चालनका लागि सम्बन्धित मन्त्रालयको स्वीकृति चाहिने प्रावधान रहेको हुँदा पत्राचार गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार सञ्चालनको अनुमतिपत्र प्राप्त हुनासाथ प्रसूति सेवाप्रवाह गरिने छ। जसका लागि स्वास्थ्यर्मीको समेत व्यवस्थापन भइरहेको छ।

## वीरगन्जमा ५ दिन रात्रि बजार चलाउने तयारी

■ टक नेपाल

पर्सा । वीरगन्ज महानगर पालिकाले 'रात्रि बजार' पुनः सञ्चालन गर्ने तयारी गरेको छ । दसैं नजिकिँदै गरेको र मौसमसमेत सुधार भएकाले गएको दुई महिनादेखि रोकिएको 'रात्रि बजार' पुनः सञ्चालन गर्ने तयारी गरेको हो । महानगरले यस पटक ५ दिन रात्रि बजार लगाउने गरी तयारी गरेको छ । घटस्थापनाबाट सुरु गर्ने गरी मेला लगाउने तयारी गरेको महानगरका प्रमुख राजेशमान सिंहका जनसम्पर्क सल्लाहकार नवराज फुयालले बताए। यस सम्बन्धमा आइतबार महानगरपालिकाको



कार्यालयमा सरोकारवालाहरूको बैठकसमेत सम्पन्न भयो । घटस्थापनाका दिनबाट पुरानो बसपार्कमा सुरु हुने मेला कात्तिक २ गतेसम्म ५ दिन चल्ने गरी लगाउने तयारी गरिएको उनले बताए। मेला अवधिमा महानगरको समन्वयमा भारतबाट नेपाल प्रवेश गर्ने वीरगन्जस्थित मुख्य नाका ५ दिनका लागि राति १२ बजेसम्म खुल्ला रहने छ ।

*बाँकी पृष्ठ ३ मा*






## ....सम्पादकीय

# बजार अनुगमनलाई सशक्त बनाइयोस्

सरकार गठन भएको नौ महिना पुगिसक्दासमेत यो सरकारले जनतालाई प्रभावकारी सेवा-सुविधा दिन् त परै जाओस्, महँगी नै महँगीको उपहार दिँदा जनता वाक्कदिक्क बन्न थालेका छन् । शनिबार बढाइएको पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता गरिएको छ । व्यापक जनदबाबपछि सरकार मूल्यवृद्धि फिर्ता लिन बाध्य भएको हो । यसरी जनताको आवाजको तत्काल सम्बोधन गरिनुपर्छ । यद्यपि हतारमा बढाउने र हतारमा फिर्ता गर्ने प्रवृत्ति भने राम्रो होइन । तर पनि सरकारको यो कदमलाई सकारात्मकरुपमा नै लिनुपर्छ । यद्यपि चाडबाड नजिकिँदै गर्दा आम जनताले उपभोग गर्ने दैनिक उपभोग्यका सामानहरुमा भारी मूल्यवृद्धि भइरहेको छ । बजार अनुगमन सशक्त र प्रभावकारी हुन सकेको छैन । दैनिक उपभोग्य वस्तु र तरकारीको मूल्यवृद्धिले कैयौं सर्वसाधारणको बिहान र बेलुकीको चुल्हो बल्नै मुस्किल हुने अवस्था देखिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापन भएपछि आम जनताले ठूलो आशा र भरोसा गरेका थिए । मुलुकमा विकास र समृद्धिको वहार आउने र आफ्ना धेरै समस्याहरु समाधान हुँदै जाने विश्वास आम जनताले गरेका थिए । तर त्यसपछि बनेका सरकारले आम जनताको विश्वासमाथि लगातार कुठारघात गर्दै आइरहेकाले संघीय शासन प्रणालीको संस्थागत विकासमा नै गम्भीर धक्का लाग्दै आइरहेको छ । विगतका सरकार र सरकारमा रहेकाहरुले गरेका भ्रष्टाचारका कारण मुलुकको विकास र समृद्धि वर्षौंदेखि रोकिँदै आएको छ । वर्तमान सरकारले पनि विगतकै सरकारकै पदचाप पछ्याउँदै भ्रष्टाचारजन्य गतिविधि गरिरहेको गुनासो आम सर्वसाधारणको छ । जनताले हरेक कुरामा आहतैआहत पाउन थालेपछि सरकारमाथि पनि व्यापक असन्तुष्टि बढेको छ । यो सबै भ्रष्टाचार र कमिसनतन्त्रका कारण आएको समस्या हो । सरकार बाहिर एउटा कुरा बोल्छ तर भित्र अर्कै काम गरिरहेकाले जनताले कुनै राहत पाउन नसकेका हुन् । चाडबाडको मुखमा दैनिक उपभोग्यका बस्तुमा भइरहेको मूल्यवृद्धि र कालोबजारीका कारण जनताले वर्षौंदेखि मनाउँदै आइरहेको दशैं-तिहारजस्ता अत्यन्तै महत्वपूर्ण र ठूला चाड मनाउनै सकस पारिदिएको छ, जुन घोर आपत्तिजनक छ । बाहिर बोल्ने एउटा र भित्र अर्को गर्ने प्रवृत्ति पूर्णरुपमा रोकिनुपर्छ । भ्रष्टाचार नियन्त्रण गर्नका लागि मुलुकमा मौलाएको दण्डहीनताको संस्कृति अन्त्य हुनुपर्छ भने कानुनीराज पूर्णरुपमा स्थापित हुनुपर्छ । यसो गर्न सकिएमा मात्रै मुलुकमा एउटा व्यवस्थित प्रणालीको विकास हुन सक्छ । त्यस्तो प्रणालीयुक्त शासन सत्ताले मात्रै आम जनतालाई खुशी र सन्तुष्ट राख्न सक्छ । विगतका सरकार र प्रधानमन्त्रीहरुले भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई बारम्बार लागू गर्ने प्रतिबद्धता जनाइरहन्थे । तर उनीहरुको प्रतिबद्धता अनुसार काम भने कहिल्यै हुन सकेन । लामो समयदेखि भ्रष्टाचारको कुलतमा फस्दै आएका सरकारी अधिकारीहरुमा पनि नैतिकता स्खलित हुन पुग्दा भ्रष्टाचारको पारो बढ्न थालेको यथार्थ हामीसामु छ । अहिले पनि स्थिति त्यस्तै छ । यदि सरकार वास्तविकरुपमा जनताको हित चाहन्छ र जनताकै सरकार भएको वास्तविक अनुभूति दिलाउन चाहन्छ भने यसरी जनतालाई आहत पार्दै विभिन्न उपभोग्य वस्तुमा गरिएको मूल्यवृद्धि रोक्न अनुगमन प्रणालीलाई व्यवस्थित बनाउँदै निरन्तरता दिनुपर्छ । कालोबजारी गर्नेहरुलाई कडाभन्दा कडा कारबाही गरिनुपर्छ ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार



■ टक नेपाल

काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । आज परिसूचक पाँच दशमलव १९ अङ्कले बढेर एक हजार नौ सय ७६ दशमलव २९ अङ्कमा कायम भएको हो । आज दुई सय ८६ कम्पनीको ५७ लाख ७६ हजार आठ सय ९६ कित्ता शेयर ८५ हजार पाँच सय ९१ पटक खरिद बिक्री हुँदा रू एक अर्ब ७३ करोड ७३ लाख १४ हजार ९२ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन र उत्पादन तथा प्रशोधन समूहको उपसूचक घट्दा अरु सबै समूहका उपसूचक बढेको छन् । सबैभन्दा धेरै विकास बैंक समूह एक दशमलव ३३ र म्युचुअल फन्ड समूहको उपसूचक एक प्रतिशतले बढेको छ । आज सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र सयपत्री हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै मूल्य घट्नेमा भने पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव २९ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै एनआइसी एशिया बैंक लिमिटेडको रू २१ करोड ६८ लाख नौ हजार एक सय ४१ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको दुई लाख ८७ हजार ५२ कित्ता शेयर किनबेच भएको छ ।







# ‘तीन तलाक’लाई मान्यता.......

मुस्लिम अगुवाहरुले नेपाली समुदायको बीचमा घृणा फैलाउने तथा धार्मिक सद्भाव भड्काउने र धार्मिक द्वन्द्व बढाउने प्रयास भएको बताउँदै यस्तो गलत हुन नदिनका लागि सबै पक्ष सचेत रहनु पर्ने धारणा राखे। उनीहरुले सदियौँदेखि स्थापित भएको धार्मिक तथा साँस्कृतिक सद्भावलाई कायम गर्नका लागि आग्रह गरे । ाजिये नेपालका प्रमुख बरकातीले पहिलादेखि नै नेपालमा हिन्दू तथा मुस्लिमहरु मिलेर बस्दै आएको बताउँदै सामाजिक तथा धार्मिक भडकाउ गर्नेसँग सावधान रहनका लागि नेपालीहरुमा आग्रह गरे। उनले परम्परादेखि मुस्लिमहरुले तीन तलाकलाई महत्वपूर्ण मानेकाले यसका विरुद्धमा कुनै कदम उठाउन नहुने बताए। आफूहरुले धर्मले नै यसलाई मान्यता दिँदै आएकाले यसको खिलाफमा कुनै कानून बनाउन नहुने उनको भनाइ छ । सर्वोच्चका न्यायाधीशद्वय टंकबहादुर मोक्तान र हरिप्रसाद फुयालको संयुक्त इजलासले २०७९ चैत २६ गते गरेको फैसलाको पूर्णपाठ केही दिनअघि मात्रै सार्वजनिक भएको थियो। फैसलाको पूर्णपाठमा छिमेकी राष्ट्र भारत र मुस्लिम कानुन लागू भएका कतिपय देशमा समेत ‘तीन तलाक’लाई मान्यता नदिइएको भन्दै नेपालको हकमा पनि स्वेच्छाचारी र एकतर्फी सम्बन्धविच्छेदले कानुनी मान्यता नपाउने सर्वोच्चले व्याख्या गरेको छ । सर्वोच्चको पूर्णपाठमा कुनै पुरुषले कुनै महिलालाई ‘तीन तलाक’ दिएकै आधारमा विवाहको अन्त्य वा सम्बन्ध विच्छेद नहुने र ‘तीन तलाक’कै भरमा वा सामाजिक परम्परा अनुसार मात्रै अनौपचारिक रुपमा भएको भनिएको सम्बन्ध विच्छेदले मान्यता नपाउने उल्लेख छ । सर्वोच्चले सामाजिक रुपमा सम्बन्धविच्छेद गरी पुरुषले अर्को विवाह गर्नु गैरकानुनी हुने उल्लेख गरेको छ ।

# आज नेपाल र भारतबीच प्रतिस्पर्धा हुने



■ टक नेपाल

काठमाडौं । एसियाड क्रिकेटको क्वाटर फाइनलमा आज नेपाल र भारतबीच क्रिकेट प्रतिस्पर्धा हुँदैछ । चीनमा जारी १९ औं एसियाली खेलकुद आज नेपालले भारतसँग प्रतिस्पर्धा गर्न लागेको हो । एसियाडको जारी खेलको लक्की ड्र मार्फत क्वाटरफाइनमा नेपालको खेल भारतसँग परेको हो । कप्तान कप्तान रोहित पौडेलले प्रतिस्पर्धी टिम रोजाइको ‘लक्की ड्र’ निकाल्दा भारतको चिट निकालेका हुन । नेपालले समूह चरणका यसअघि भएको खेलमा माल्दिभ्सलाई १ सय ३८ र मंगोलियालाई २ सय ७३ रनले हराएको थियो । मंगोलियासँग भएको खेलमा नेपालले झन्डै दर्जन जति विश्व किर्तिमान र राष्ट्रिय किर्तिमान कायम ब्गरेको थियो, जसले क्रिकेटको संसारमा नेपाल एक जबर्जस्त उदयीमान टिमको रूपमा देखा परेको छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, |
| जलेश्वर अस्पताल | ५२००७० | | ९८०४८१५१२६ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | रचनात्मक कार्य प्रारम्भ गर्ने समय छ । | तुला | प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । |
| बृष | अवसर आए पनि काममा हात हाल्नुअघि विचार पुर्याउनुहोला । | वृश्चिक | बल तथा बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । |
| मिथुन | आम्दानी बढ्नाले उत्साह जाग्नेछ । | धनु | सुखद समाचारले उत्साह जगाउनेछ । |
| कर्कट | चिताएको काम छिटै सम्पादन हुनेछ । | मकर | आश्वासन बाँड्नेहरूले झुक्याउनेछन् भने परिस्थितिले पनि अप्ठ्यारो मोडमा पुर्याउन सक्छ । |
| सिंह | काम थाल्न समय लागे पनि सम्भावना खोजी गर्ने समय छ । | कुम्भ | सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । |
| कन्या | स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला । | मीन | मनग्य धन लाभ हुनुका साथै मानसम्मान पनि प्राप्त हुनेछ । |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# वीरगन्जमा ५ दिन रात्रि बजार........................

रात्रि बजारमा पर्यटक भित्र्याउन वीरगन्ज नाका रातको १२ बजेसम्म खुला राख्न लागिएको हो । नेपाल-भारत सीमा नाका राति १० देखि बिहान ५ बजेसम्म दुवैतर्फ बन्द हुने गर्दछ । तर बजार लाग्ने ५ दिन नाका अबेर राति १२ बजेसम्म खुल्ला राख्न महानगरले नेपाल र भारत दुवै देशका सीमावर्ती सुरक्षा निकायसँग सहमति लिइसकेको उनले बताए। महानगरभित्रको व्यापार व्यवसाय चलायमान बनाउन र पर्यटक भित्र्याउन महानगरले वैशाख महिनादेखि रात्रि बजार लगाउन सुरु गरेको हो। यस पटकको 'रात्रि बजार' दशैंका बेला परेकाले आम सर्वसाधारणलाई सहज हुने गरी सहुलियत दरको पसल समेत संचालन गर्ने तयारी महानगरले गरेको छ । त्यसका लागि घरेलु तथा साना उद्योगसँग सहकार्य गरिएको छ। दसैंलक्षित रात्रि बजारमा खानाका विशेष परिकार, ककलत्ताकपडा, कस्मेटिक, भाडाँकुडालगायतका ससामानका स्टल सहित दैनिक उपभोग्य वस्तुहरूसमेत राखिनेछ। महानगरले रात्रिबजार सञ्चालनका लागि विभिन्न संघ संस्थासँग समेत सहकार्य गरेको छ। घरेलु तथा साना उद्योग, ग्रिन सिटी सामुदायिक सेवा प्रहरी केन्द्र, एनवाईईएफ, वीरगञ्ज साइक्लिङ क्लब, ओमेन्स क्रिएसन र फोरजीआरसँगको समन्वयमा महानगरले दसैंलक्षित रात्रि बजार लगाउन लागेको हो । आदर्शनगरस्थित पुरानो बसपार्कमा करिब १ सय स्टल लगाउने गरी तयारी गरिएको छ।

# राष्ट्रपति समक्ष अख्तियार........................

आयोगका अनुसार भौतिक पूर्वाधार तथा यातायातसँग सम्बन्धित चार दशमलव १० प्रतिशत, गृह प्रशासनसँग सम्बन्धित तीन दशमलव ५८ प्रतिशत र पर्यटन, उद्योग तथा वाणिज्यसँग सम्बन्धित दुई दशमलव ७१ प्रतिशत उजुरी परेका छन् । त्यसैगरी ऊर्जा, जलस्रोत तथा सिँचाइसँग सम्बन्धित दुई दशमलव ५८ प्रतिशत, खानेपानी तथा सहरी विकाससँग सम्बन्धित दुई दशमलव ५१ प्रतिशत, अर्थ मन्त्रालयसँगसम्बन्धित एक दशमलव ८९ प्रतिशत, कृषि तथा पशुपन्क्षी मन्त्रालयसँग सम्बन्धित एक दशमलव ५२ प्रतिशत र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित एक दशमलव ०३ प्रतिशत उजुरी परेको आयोगको भनाइ छ । त्यसैगरी, नक्कली शैक्षिक प्रमाण पत्रसँग सम्बन्धित छ दशमलव ०२ प्रतिशत, गैरकानुनी सम्पत्ति आर्जन सात दशमलव १२ प्रतिशत र अन्य निकाय/क्षेत्रसँग सम्बन्धित उजुरी तीन दशमलव ०९ प्रतिशत छन् । गत आवमा परेका कुल उजुरीमध्ये १८ हजार सात सय ९९ अर्थात् ६६ दशमलव ९८ प्रतिशत स्क्रिनिङ र प्रारम्भिक छानविनबाट फछ्र्यौट भएका छन्। जसमध्ये एक हजार एक सय ३३ उजुरीउपर विस्तृत अनुसन्धान गरिएको आयोगले जनाएको छ। सात हजार आठ सय ६९ उजुरी तामेली गरिएको र एक सय ५२ उजुरीउपर सुझावसहित तामेली गरिएको छ। आयोगका अनुसार नौ हजार छ सय ४५ उजुरीउपर आवश्यक कारबाहीका लागि लेखी पठाइएको छ । प्रारम्भिक छानबिनका क्रममा रहेका नौ हजार दुई सय ६८ उजुरी चालु आर्थिक वर्ष २०८०/८१ मा जिम्मेवारी सरेर आएका छन्। गत आवमा विस्तृत अनुसन्धान भई आयोगमा निर्णयका लागि पेश भएका कूल आठ सय ७८ उजुरीउपर आयोगबाट नौ सय ३७ वटा निर्णय भएकोमा एक सय ६२ वटा आरोपपत्र दायर गरिएको छ । साथै छ सय ५६ वटा उजुरी तामेलीमा राखिएको, ६३ वटा सम्बद्ध निकायलाई सुझाव दिइएको, २७ वटा मुल्तबीमा राखिएको र २९ वटा अन्य निर्णय भएको आयोगको प्रतिवेदनमा उल्लेख छ । विशेष अदालतमा दर्ता भएका एक सय ६२ वटा आरोप पत्रमध्ये गैरकानुनी लाभ हानिसँग सम्बन्धित ६४, घुस/रिसवतसँग सम्बन्धित ३२, सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसँग सम्बन्धित २७, गैर कानुनी सम्पत्ति आर्जनसम्बन्धी १३, शैक्षिक योग्यताको नक्कली प्रमाणपत्रसम्बन्धी आठ, राजस्व चुहावटसम्बन्धी सात र विविध विषयका ११ वटा छन् । उल्लेखित आरोपपत्रबाट कुल सात सय ६६ जनालाई प्रतिवादी बनाई रु एक अर्ब ७७ करोड ५८ लाख ४६ हजार चार सय ३७ बिगो मागदाबी लिइएको छ । यस्तै, आयोगबाट विगत वर्षमा विशेष अदालतमा दायर भएका आरोपपत्रमध्ये आव २०७९/८० मा तीन सय ४१ वटा मुद्दाहरूको फैसला भएको छ । जसमध्ये एक सय १४ वटा अर्थात् ३३ दशमलव ४३ प्रतिशत फैसलामा भ्रष्टाचार जन्य कसुर कायम भएको छ । सर्वोच्च अदालतको फैसलाबमोजिम रङ्गे हात कारबाहीमा आयोगले प्रमाणका लागि उपलब्ध गराएको रकममार्फत भएका मुद्दाहरू खारेज गरेका कारण कसुर कायम आएको देखिएको छ । अनुपातमा कमी विशेष अदालतबाट भएका फैसलामध्ये आव २०७९/८० मा दुई सय ३७ वटा फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ । आयोगमा परेका उजुरीहरू र अनुसन्धानपश्चात आयोगले दायर गरेका आरोपपत्रबाट घुस/रिसवत लिने दिने, सार्वजनिक सम्पत्तिको हिनामिना, हानि नोक्सानी वा दुरुपयोग गर्ने, गैरकानुनीरूपमा सरकारी/सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्नेजस्ता भ्रष्टाचारजन्य काम भएका छन्। आयोगका अनुसार सार्वजनिक खरिद तथा निर्माणका काममा बदनियत राखि व्यक्तिगत लाभ लिने तथा नेपाल सरकारलाई हानि पुऱ्याउने, गैरकानूनीरूपमा सवारीचालक अनुमतिपत्र जारी गर्ने, गलत लिखत वा प्रतिवेदन बनाउने, परीक्षाको परिणाम फेरबदल गर्ने, गैरकानुनीरूपमा सम्पत्ति आर्जन गर्ने, राजस्व चुहावट/हिनामिना गर्नेजस्ता भ्रष्टाचारजन्य कार्यहरू भएको पाइएको छ । आयोगका अनुसार गत आवमा सबैभन्दा धेरै स्थानीय तहसँगसम्बन्धित मुद्दा ६६ वटा परेका छन् ।

**विज्ञापनको लागि सम्पर्क गर्नुहोस्**
सम्पर्क नम्बरहरु
९८०७८२१०१४, ९८६३२१०१४
९८०४८०४७००
टक नेपाल राष्ट्रिय दैनिक पत्रिका

# पर्साको जनता माविमा सञ्चालित इभेन्ट परियो जनामा व्यापक अनियमितता भएको आरोप



■ टक नेपाल

वीरगन्ज। पर्साको पर्सागढी नगरपालिका - ३ बडनिहारस्थित जनता माध्यमिक विद्यालय प्राविधिक शिक्षालयमा सञ्चालित व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि (इभेन्ट परियोजना) दोस्रोमा :व्यापक आर्थिक अनियमितता भएको आरोप लागेको छ । सीपयुक्त र रोजगारका लागि उपयुक्त जनशक्तिको आपूर्ति बढाउने उद्देश्यका साथ शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत रहेको इभेन्ट परियोजनामा जनता माध्यमिक प्राविधिक शिक्षालयमा व्यापक आर्थिक अनियमितता भएको आरोप लागेको हो । इभेन्ट परियोजना मार्फत जनता माध्यमिक प्राविधिक शिक्षालयले विभिन्न चरणमा झन्डै एक करोड २० लाख रुपैयाँ प्राप्त गरेको थियो । त्यो रकम मध्ये अधिकांश रकम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक र शिक्षालयका संयोजकले खर्च नै नगरी नक्कली बिल, भरपाई पेस गरेर भ्रष्टाचार र अनियमितता गरेको व्यवस्थापन समितिका सदस्य र अभिभावक शिक्षक समितिका सदस्यहरूले नै आरोप लाएका छन् । विद्यालय व्यवस्थापन समितिकी सदस्य जानकी देवीका अनुसार ,इभेन्ट परियोजना - दोस्रो मार्फत विद्यालयले प्राप्त गरेको तेस्रो किस्ताको अनुदान रकममा अनियमितता भएको पाइएको हो । तेस्रो किस्तामा विद्यालयले आर्थिक वर्ष २०७९/८० मा ६० लाखभन्दा बढी रकम प्राप्त गरेको थियो । विद्यालयमा चलिरहेको प्राविधिक कक्षा सञ्चालनका निमित्त आवश्यक पर्ने मेसिनरी तथा उपकरण खरिद, आवश्यक पूर्वाधार निर्माण, शैक्षिक भ्रमणलगायतका लागि रकम प्राप्त गरेपनि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामायण चौधरीले अनावश्यक खर्च गर्दै रकम सकाएको जानकी देवीको आरोप छ । समितिका अध्यक्ष रामायण चौधरीले विद्यालयका प्रधानाध्यापक मोहन चौधरी र शिक्षालयका संयोजक ताकेश्वर यादवसँग मिलेर रकम खर्च नै नगरी बिल भरपाई मात्र पेस गरेको जानकी देवीले बताइन् । समितिको बैठक समेत नगरी एकलौटी निर्णय गर्दै रकमहरू खर्च भएको उनको कथन छ । 'हामीसँग समितिका अध्यक्ष र विद्यालयका प्रधानाध्यापकले कुनै सरसल्लाह गरेका छैनन् । आफै जहाँ मन लाग्यो त्यहाँ पैसा खर्च गरेका छन् । थोरैको काम गराएर बढीको भुक्तानी देखाएका छन्,' जानकी देवीले भनिन्,' भएको काम पनि गुणस्तरहीन छ।' शिक्षालयमा पढाउने ६ जना शिक्षकका लागि पोशाक खरिदमा समितिले झन्डै तीन लाख रुपैयाँ खर्च गरेको उनले बताइन। 'हामीलाई बैठकमा बोलाउँदैनन्। घरमा माइन्यूट ल्याएर हस्ताक्षर गर्न लगाउँछन् । शिक्षकको पोसाक खरिदमा त्यत्रो रकम खर्च कसरी भयो भनेर प्रश्न गर्दा उनीहरूले गोलमटोल जवाफ फर्काउने गरेका छन्,'जानकी देवीले भनिन् । माइन्यूटमा हस्ताक्षर गर्न नमानेको खण्डमा समितिका अध्यक्ष रामायण चौधरी र विद्यालयका प्रधानाध्यापक मनोज चौधरीले पैसाको प्रलोभन समेत दिने गरेको उनले बताइन्। त्यस्तै विद्यार्थी शैक्षिक भ्रमणमा कम खर्च भएपनि बढी देखाइएको उनले बताइन्। 'शैक्षिक भ्रमणको नाममा एक दिनको लागि पोखरा लगेर साढे ७ लाख रुपैयाँ खर्च देखाएका छन्,'उनले भनिन्, 'त्यो शैक्षिक भ्रमण पनि थिएन। एक छिनको लागि फेवा ताल घुमाएर फोटो खिचेर मात्रै फर्काए।' २०-२२ जनालाई एक दिन पोखरा घुमाउन साढे ७ लाख रुपैयाँ खर्च भएको देखाएका छन् । म स्वयम् त्यो भ्रमणमा थिएँ, त्यस्तो खर्च भएका कहीँ पनि देखिन ।' यता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामायण चौधरीले भने इभेन्ट परियोजनामा कुनै अनियमितता नभएको दाबी गरे। उनले आफूसँग सबै खर्चको बिल भरपाई रहेको दाबी गर्दै भने, 'सबै काम भएको छ। कहीं पनि गल्ती छैन। जहाँ जति खर्च लागेको छ त्यति मात्र देखाइएको छ। बढी देखाउने काम भएको छैन ।' अनियमितता गरेको प्रमाणित गरे आफूले जस्तो सुकै सजाय भोग्न तयार रहेको उनले बताए । यद्यपि रामायण चौधरीको दाबीलाई समर्थन गर्ने आधारहरू देखिँदैनन् । ६ जना शिक्षकको पोशाक खरिदका लागि ३ लाख रुपैयाँ खर्चको औचित्य पुष्टि गर्न नसकिने अभिभावक वीरेन्द्र चौधरीले बताए । 'कुन ब्रान्डको कपडा खरिद गरेका होलान् ? नेपाल सरकारले बनाएको मापदण्ड बाहिर गएर पक्के पनि खरिद गर्न मिल्दैन, तर त्यहाँ एउटा शिक्षकको लागि पोसाक खरिद गर्न झन्डै ५० हजार रुपैयाँ खर्च गरेको देखियो । यसको औचित्य पुष्टि कसरी गर्ने ?,' वीरेन्द्र चौधरीले प्रश्न गरे । अभिभावक शिक्षक समितिका अध्यक्ष नन्दलाल चौधरीले पनि इभेन्ट परियोजनाअन्तर्गत भएका कामहरू पनि गुणस्तरहीन रहेको बताए । उनले पनि कम खर्च भएको कामको बढी देखाएर भुक्तानी गरिएको आरोप लगाए। चौधरीले एक वर्षदेखि विद्यालयमा अभिभावक शिक्षक समितिको बैठक समेत नबसेको बताए । व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकलाई पटक-पटक आग्रह गर्दा पनि उनीहरूले बैठक नबोलाएको उनको गुनासो छ । 'विद्यालयमा कस्तो परियोजनाहरू सञ्चालन हुँदै छन् ?, के कति खर्च भयो ?, कस्तो काम भयो ? हामीले सबै जाने अधिकार छ,'उनले भने, 'यसका लागि बैठक बोलाउन आग्रह गर्दा अध्यक्ष र प्रधानाध्यापक आलटाल गर्छन्। म अभिभावक समितिको अध्यक्ष बनेदेखि एउटा बैठक पनि बसेको छैन ।' पर्सागढी नगरपालिकाका मेयर गोकर्ण पाठकले जनता माध्यमिक विद्यालयमा सञ्चालित इभेन्ट परियोजना बारे आफूलाई कुनै जानकारी नभएको बताए। परियोजनाले नगरपालिकासँग कुनै समन्वय नै नगरी सोझै विद्यालयमा पैसा पठाएकोले आफूलाई यस विषयमा कुनै जानकारी नभएको उनको भनाइ छ। यद्यपि स्थानीयहरूले गरेको गुनासोको आधारमा अध्ययन गर्नका आफूले विद्यालयबाट फाइलहरू मगाएको उनले बताए । अहिले अध्ययन गर्ने क्रममै रहेकोले केही भन्न नसकिने उनलले बताए । इभेन्ट परियोजनाका सूचना अधिकारी शिवराज पोखरेलले जनता माध्यमिक विद्यालयमा अनियमितता भएको विषयमा आफूहरू कहाँ गुनासो नआएको बताए । गुनासो नै नआएपछि कारबाही गर्न नसकिने उनको भनाइ छ ।



# 'तीन तलाक'लाई मान्यता नदिने सर्वोच्चको व्याख्याप्रति मुस्लिम अगुवाको आपत्ति

■ टक नेपाल



जनकपुरधाम। सर्वोच्च अदालतले हालै मुस्लिम समुदायमा प्रचलित 'तीन तलाक'लाई कानूनी मान्यता नदिएपछि मुस्लिम अगुवाहरुले आपत्ति जनाएका छन् । सर्वोच्चको फैसलाले नेपालमा धार्मिक सद्भाव बिगार्ने तथा इस्लाम धर्मप्रतिको अपमान भएको मुस्लिमहरुका अगुवाहरुले बताएका हुन् । सोमबार जनकपुर धाममा पत्रकार सम्मेलन आयोजना गरी काजीये नेपालका प्रमुख मोहम्मद उसमान बरकातीले 'तीन तलाक' इस्लामिक कानूनको परिवर्तन नहुने विषय भएको दावी गर्दै यस फैसलाप्रति अदालत तथा सरकारको ध्यानाकर्षण गरेका छन् । उनले यसमा पुनः विचार नभएको खण्डमा थप हिंसा हुने खतरा रहेको दाबी गरे । सर्वोच्चको यस फैसलाले इस्लामिक कानूनको अपमान गर्ने काम भएको बताउँदै यसले सामाजिक अमन चयन तथा धार्मिक स्वतन्त्रतामाथि हस्तक्षेप गर्ने काम गरेको टिप्पणी गरे । उनले महिलाहरुलाई पनि समस्या भएको खण्डमा तथा पतिबाट हिंसा भएको खण्डमा काजीमार्फत तलाक हुने व्यवस्था इस्लामिक कानूनमा रहेको बताए ।

बाँक पृष्ठ २ मा

# वीरगञ्जको बालसुधार गृहबाट फरार दुई जना बालकैदी पक्राउ

■ टक नेपाल




वीरगञ्ज । वीरगञ्जमा रहेको बालसुधार गृहबाट फरार भएका दुई बाल कैदीलाई प्रहरीले पक्राउ गरेको छ । बालसुधार गृहको छतबाट गएको शुक्रवार बिहान हामफालेर फरार भएका सप्तरीका पाण्डव यादव र सर्लाहीका अमरकान्त ठाकुरलाई ४८ घण्टापछि हिजो छुट्टाछुटै ठाउँबाट प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले ठाकुरलाई सर्लाहीमा रहेको सीमा नाकाबाट र यादवलाई सिरहामा रहेको सीमा नाकाबाट पक्राउ गरेको पर्साका प्रहरी प्रमुख प्रहरी उपरीक्षक कोमलशाहले जानकारी दिनुभयो। कर्तव्य ज्यान मुद्दामा ठाकुरलाई र जबरजस्ती करणी मुद्दामा यादवलाई अदालतले दोषी ठहर गर्दै आचरण सुधारका लागि बाल सुधारमा पठाएको थियो । फरार भएपछि दुवै बाल कैदी वीरगञ्जको मुख्य भन्सार नाका शङ्कराचार्य गेट अगाडिबाट भारतको रक्सौलतर्फ गएको दृश्य नाकामा जडान गरिएको सीसीटीभीमा रेकर्ड भएको थियो। बालसुधार गृहमा ६० जनाको क्षमता भएकामा अहिले दोब्बर भन्दा बढी एक सय २६ जना बालक तथा किशोरहरूलाई कोचेर राखिएको छ । जसका कारण गृहमा रहेका बालक तथा किशोरहरूमा स्वास्थ्य समस्यासँगै गृहलाई व्यवस्थापनमा कसमे त कठिनाइ भइरहेको बाल सुधार गृहका प्रमुख टीकाकृष्ण काफ्लेले बताउनुभयो ।

# सिरहाबाट दुई ट्रक तस्करीका कपडा बरामद, एसपी र डीएसपी अनुसन्धानमा तानिए

■ टक नेपाल

सिरहा । राजस्व अनुसन्धान कार्यालय इटहरीको टोलीले सिरहाबाट तस्करीका कपडासहित ट्रक नियन्त्रणमा लिएको एकदिन नबित्दै आइतबार पुनः अर्को ट्रक पक्राउ गरेको छ । राजस्व अनुसन्धानको टोलीले सिरहाको माडर भन्सार हुँदै आएको पूर्वपश्चिम राजमार्गको चोहर्वातिर जाँदै गरेको प्रदेश १-०२-००१ ख ९२३८ नम्बरको ट्रकलाई सुराकीका आधारमा नियन्त्रणमा लिएको कार्यालय प्रमुख सुरेश आचार्यले जानकारी दिनुभएको छ । ट्रकमा तस्करीका लत्ताकपडालगायत अन्य सामान छन् । राजस्वको टोलीले यसअघि शनिबार बिहान सिरहा नगर पालिका १५ मा रहेको चन्द्रनारायण आधारभूत विद्यालय परिसरको बगैंचाबाट करिब ५० लाख रुपैयाँको लत्ताकपडासहित ट्रक पक्राउ गरेको थियो । यसै घटनामा शनिबारै सिरहाका सशस्त्रका प्रहरी उपरीक्षक प्रमोद भारती र सशस्त्र प्रहरी बल माडरका डीएसपी रामहरि खड्कालाई जिम्मेवारीबाट हटाए प्रदेशले अनुसन्धान थालिसकेको छ । पछिल्लो समय सिरहामा सुरक्षा निकाय र प्रशासनकै मिलेमतोमा तस्करी बढेको छ ।

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।



सुशिल ढकाल
☎ ०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

We Are Hiring

**CRO- Field Cum Bike Rider**
**Loacation - Bardibas Vianet Communication Limited. (Near Save The Children)**
**Vacancy-1**
**Salary- 23500/ Above**

**Skills,**
1. Strong Customer Focus
2.Ability To Think Logically
3.Problem Solving Skills
4.The Ability To Work well in a Team

**Facility**
1.Social Security Fund,

**Duties And Responsibilities,**
1.To Keep Operating System Running Smoothly And Ensure Users Get The Maximum Benefit,
2.Troubleshoot System And Networks Problems,
3.Support The Roll-out Of New Applicant,
4.Install And Configure Operating System,
5.Responding In A Timely Manner To Service Issues & Request,

For More Contacts,
**Vianet Communication Limited**
**Bardibas Branch**
**+977 9801131433**

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com